# अर्जुनधारा नगरपालिका
# **नगर कार्यपालिकाको बैठक**

बैठक संख्याः १७/०७७

अध्यक्षताः नगर प्रमुख श्री हरिकुमार राना

मितिः२०७७/०९/२६

उपस्थितिः

| | | |
|---|---|---|
| प्रमुख | श्री हरिकुमार राना | उपस्थित |
| उप प्रमुख | श्री कमला खतिवडा आचार्य | उपस्थित |
| वडा अध्यक्ष,वडा नं १ | श्री गजाधर खतिवडा | उपस्थित |
| वडा अध्यक्ष,वडा नं २ | श्री रघुनाथ खनाल | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ३ | श्री जीवकुमार भण्डारी | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ४s | श्री दुर्गाप्रसाद दाहाल | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ५ | श्री ध्यानबहादुर भारती | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ६ | श्री लोकनाथ गौतम | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ७ | श्री नवराम ढुङ्गाना | अनुपस्थित |
| वडा अध्यक्ष,वडा नं ८ | श्री गोपिचन्द्र गौतम | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ९ | श्री पुष्पकुमार प्रसाई | उपस्थित |
| वडा अध्यक्ष,वडा नं १० | श्री बलदेवसिंह गोम्देन | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ११ | श्री भैरबबहादुर खड्का | उपस्थित |
| कार्यपालिका सदस्य | श्री खिनमान दास | उपस्थित |
| कार्यपालिका सदस्य | श्री दिलमाया दास | उपस्थित |
| कार्यपालिका सदस्य | श्री दिलिप गुरुङ्ग | अनुपस्थित |
| कार्यपालिका सदस्य | श्री रमेशकुमार दर्जी | उपस्थित |
| कार्यपालिका सदस्य | श्री शकुन्तला बराल | उपस्थित |
| कार्यपालिका सदस्य | श्री शारदाकुमारी भट्टराई | उपस्थित |
| कार्यपालिका सदस्य | श्री हरिमाया भण्डारी | उपस्थित |
| कार्यपालिका सदस्य | श्री लक्ष्मी तामाङ्ग | उपस्थित |
| प्रमुख प्रशासकीय अधिकृत | श्री महेन्द्रकुमार खाम्याहाङ्ग | उपस्थित |
| अधिकृत छैठौं | श्री चुडामणी निरौला | उपस्थित |
| सहायक चौथो | श्री सौजन कटुवाल | उपस्थित |

**अर्जुनधारा नगर कार्यपालिकाको मिति २०७७/०९/२६ गते बसेको बैठकबाट निम्न बमोजिम निर्णयहरु गरियो ।**

१. अर्जुनधारा नगरपालिकाको घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धि कार्यविधिको दफा २ (३) बमोजिम पेश भएको देव्या श्री अर्जुनधारा निर्माण सेवा अर्जुनधारा-६ लाई प्रचलित नियमानुसार कामकाज गर्ने गरी नयाँ इजाजतपत्र प्रदान गर्ने निर्णय गरियो ।( योजना/ प्राविधिक शाखा)

२. अर्जुनधारा नगरपालिका क्षेत्र भित्र अनाधिकृत रुपमा ढुंगा गिटी बालुवा लगायतका नदिजन्य सामाग्री उत्खनन गर्ने मेसिनरी औजार तथा ढुवानी गर्ने सवारी साधन पक्राउ गरी नगर कार्यपालिकाको कार्यालयमा बुझाउने प्रहरीलाई प्रोत्साहन स्वरुप तोकिएको जरिवाना रकमको २० प्रतिशत रकम नगरपालिकाको फिर्ता खर्च शीर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।(राजश्व/आर्थिक प्रशासन शाखा)

३. नेपाल सरकारको भूगोल तथा जनसङ्ख्याको आधारमा हरेक स्थानीय तहमा ५ देखि १५ शैयासम्मको आधारभूत अस्पताल स्थापना तथा स्तरोन्नति गरिने नीति अनुसार अर्जुनधारा नगरपालिका वडा नं ९ मा रहेको प्राथमिक स्वास्थ्य केन्द्र, शनिश्चरेको स्तरोन्नति गरी अस्पताल निर्माणका लागि जग्गा प्राप्त भई सकेकाले उक्त स्वास्थ्य केन्द्रलाई १५ शैयाको अस्पतालमा स्तरोन्नतिका लागि नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा सिफारिस गरी पठाउने निर्णय गरियो ।

४. अर्जुनधारा नगरपालिकाको पूर्व निर्धारित कार्यक्रम अनुसार मिति २०७७/०९/२८ गतेबाट प्रारम्भ हुने आठौं नगर सभा निम्न बमोजिम विधेयकहरु स्वीकृतिका लागि पेश गर्ने निर्णय गरियो ।

(क) अर्जुनधारा नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) विधेयक, २०७७

(ख) अर्जुनधारा नगरपालिकाको सहकारी विधेयक, २०७७

(ग) अर्जुनधारा नगरपालिकाको शिक्षा विधेयक, २०७७

(घ) अर्जुनधारा नगरपालिकाको कृषि व्यवसाय प्रवर्द्धन विधेयक, २०७७

(ङ) अर्जुनधारा नगरपालिकाको संघ संस्था दर्ता विधेयक, २०७७

(च) अर्जुनधारा नगरपालिकाको नगर प्रहरी व्यवस्थापन विधेयक, २०७७

(छ) अर्जुनधारा नगरपालिकाको प्राकृतिक श्रोत तथा वातावरण संरक्षण विधेयक, २०७७

(ज) अर्जुनधारा नगरपालिकाका नगर कार्यपालिकाको निर्णय वा आदेश वा अधिकार पत्रको प्रमाणीकरण (व्यवस्थित गर्ने कार्यविधि) विधेयक, २०७७

५. हालको अर्जुनधारा नगरपालिका साविक खुदुनाबारी, अर्जुनधारा र शनिश्चरे गा.वि.स.हरुको संयोजन भई नगरपालिका भएको पृष्ठभूमीमा गा.वि.स. हुँदै देखि बजार क्षेत्र लगायतका ठाउँमा पक्की घरहरु निर्माण हुने क्रममा नेपाल सरकारबाट २०७२/०६/१३ मा स्वीकृत बस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धि आधारभुत मापदण्ड, २०७२ अनुसार कतिपय घरहरु नक्सापास नगरी बनाइए पनि मापदण्ड अनुरुपको भएको र कतिपय घरहरु उल्लेखित मापदण्ड अनुकुल नभएको तथा तोकिएको सडक अधिकार क्षेत्र समेत पालना नगरी बनाइएको सन्दर्भमा उल्लेखित घरहरुलाई तत्काल भत्काई मापदण्ड र सडक अधिकार क्षेत्र कायम गराउन समेत व्यवहारिक रुपमा कठिनाई

भइरहेकोमा नक्सापासका लागि कार्यालयमा पेश हुने नक्साहरु उपर निम्नानुसार कारबाही हुन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिन आगामी आठौं नगर सभामा स्वीकृतिका लागि पेश गर्ने निर्णय गरियो ।

(क) बस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धि आधारभुत मापदण्ड, २०७२ अनुसारको प्रावधान पालना गरी बनिसकेका घरहरुको हकमा स्थानीय सरकार सञ्चालन (संशोधन सहित) ऐन, २०७४ को दफा ४२ को उपदफा (१) को खण्ड (क), (ख) र (ग) को व्यवस्था अनुसार नक्सापास गर्ने व्यवस्था गर्ने ।

(ख) बस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धि आधारभुत मापदण्ड, २०७२ अनुसारको प्रावधान पूर्ण रुपमा पालना नभएको र सडक अधिकार क्षेत्रमा समेत अतिक्रमण भएको हकमा नक्सापास गर्न पेश भएकोमा सम्बन्धित प्राविधिकबाट हेरी जाँचबुझ गरी सम्बन्धित वडा कार्यालयको सिफारिसमा सार्वजनिक क्षेत्र वा सडक अधिकार क्षेत्रमा परेको भाग जति सार्वजनिक हितको लागि नेपाल सरकार, प्रदेश सरकार र यस नगरपालिकाले भत्काउन आदेश दिएको बखत नक्पापास गर्ने निकाय समक्ष  क्षतिपूर्ती माग नगर्ने र वाधा विरोध नगर्ने कबुलियत गराई Non Passable कायम गरी Passable जतिको राजश्व लिई नक्सापास गरिदिने ।

(ग) साँध सिमाना विवादित जग्गाको हकमा साँध सिमानाको विवाद समाधान भएको प्रमाण पेश भए पछि मात्र नक्सापास गरिदिने ।

(घ) जुनसुकै बाहाना गरेर राजश्व कम हुने गरी नक्सापास गर्ने गराउने प्रचलनलाई पूर्ण रुपमा नियन्त्रण गरी नक्सापास व्यवस्था गर्ने ।

(ङ) घरनक्सा जे जसको पास गर्नु गराउनु पर्ने हो सोही व्यक्ति नै अनिवार्य उपस्थित भएपछि मात्र नक्सापासको प्रक्रिया अघि बढाउने र नक्सा बनाउने कन्सल्टेन्सीले घरधनीसँग नक्सा बनाए बापत लिने सेवा शुल्क लिएको रसिद फायलसँग अनिवार्य पेश गर्ने गराउने व्यवस्था मिलाउने ।

६. यस नगरपालिकाको चालु आ.व. २०७७/०७८ को लागि गत सातौं नगर सभाबाट स्वीकृत आय र व्यय अनुसारको कार्यक्रम कार्यान्वियन गर्ने सन्दर्भमा व्यय तर्फका कार्यक्रमहरु कार्यान्वयमा रहेता पनि आयतर्फको समिक्षा गर्दा लक्षित आय प्राप्त हुन नसक्ने देखिएको हुँदा स्वीकृत कार्यक्रमहरु कार्यान्वयन गर्ने र  यस वर्षको लक्षित आय कम भई भुक्तानी हुन  नसक्ने अवस्था भएमा आगामी नवौं नगर सभाबाट बजेट व्यवस्था गरी आ.व. २०७८/०७९ मा भुक्तानी दिने गरी बजेट श्रोत सुनिश्चितताको स्वीकृतिका लागि आठौं नगर सभामा पेश गर्ने निर्णय गरियो ।

p

७. यस नगरपालिकाको सातौं नगर सभाबाट स्वीकृत चालु आ.व. २०७७/०७८ को स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गत बल्कमा रकम विनियोजन भई नगर कार्यपालिकाको विभिन्न मितिका निर्णयहरु अनुसार कार्यान्वयनमा रहेका योजना तथा कार्यक्रमलाई वार्षिक योजना र कार्यक्रममा समावेश गर्ने गरी स्वीकृतिका लागि आठौं नगर सभामा पेश गर्ने निर्णय गरियो ।

८. अर्जुनधारा नगरपालिका वडा नं ९ का वडा अध्यक्ष पुष्पकुमार प्रसाईकी ममतामयी माताश्री गंगादेवी प्रसाईको मिति २०७७/०९/२० गते भएको निधन प्रति यो बैठक गहिरो शोक व्यक्त गर्दै परिवारजनमा समवेदना प्रकट गर्दछ ।